**बैठक नं ४९** मिति : २०७५/१२/१०

आज मिति २०७५ साल चैत्र १० गते आइतवार विहान ७.०० वजे खँदवारी नगर कार्यपालिकाका प्रमुख श्री मुरारीप्रसाद खतिवडा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको उनान्चासौं बैठक वसी देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| १. | नगर कार्यपालिका प्रमुख | श्री मुरारीप्रसाद खतिवडा |
| २. | नगर कार्यपालिका उप-प्रमुख | श्री डेगेश्वरी श्रेष्ठ |
| ३. | नगर कार्यपालिका सदस्य, वडा नं १ | श्री निरञ्जन श्रेष्ठ |
| ४. | का.वा.नगर कार्यपालिका सदस्य, वडा नं २ | श्री ज्ञानवहादुर श्रेष्ठ |
| ५. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री देवराज घिमिरे |
| ६. | नगर कार्यपालिका सदस्य, वडा नं ४ | श्री सजित राई |
| ७. | नगर कार्यपालिका सदस्य, वडा नं ५ | श्री श्यामप्रसाद निरौला |
| ८. | नगर कार्यपालिका सदस्य, वडा नं ६ | श्री दयानिधी वराल |
| ९. | नगर कार्यपालिका सदस्य, वडा नं ७ | श्री मौसम आले मगर |
| १०. | नगर कार्यपालिका सदस्य, वडा नं ८ | श्री डम्वरवहादुर कटुवाल |
| ११. | नगर कार्यपालिका सदस्य, वडा नं ९ | श्री टिकाराम कुमाल |
| १२. | का.वा.नगर कार्यपालिकासदस्य, वडा नं १० | श्री वलराम राई |
| १३. | नगर कार्यपालिका सदस्य, वडा नं ११ | श्री नगेन्द्र गुरुङ्ग |
| १४. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री सुनीता कटुवाल कार्की |
| १५. | नगर कार्यपालिका सदस्य, वडा नं १ | श्री कुङ्गाङ लामा |
| १६. | नगर कार्यपालिका सदस्य, वडा नं २ | श्री वालकुमारी सोडारी |
| १७. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री इन्द्रमाया वराइली |
| १८. | नगर कार्यपालिका सदस्य, वडा नं ४ | श्री गोपी घिमिरे |
| १९. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री चन्द्रकला तामाङ्ग |
| २०. | नगर कार्यपालिका सदस्य, वडा नं ८ | श्री लक्ष्मी राई सुनुवार |
| २१. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री पदमलाल सार्की |
| २२. | नगर कार्यपालिका सचिव | श्री कोमलप्रसाद धमला |

२३. ना.सु. प्रशासन योजना तथा अनुगमन शाखा -वैठक निर्णय लेखन, गणेश श्रेष्ठ

आमन्त्रीत

१, श्री श्री रुद्रमणि श्रेष्ठ, लेखा शाखा प्रमुख

२, श्री सन्तोष चाँपागाई, प्रमुख ज्युको निजि सचिव

**निर्णय नं १**

कार्यालयमा रहेको ब्याकहो लोडरको (अपरेटर) श्री मनकुमार राई लाई सेवा करार लिन पर्ने भएको हुदा विगत २०७५ वैशाख महिना देखि कार्यालयमा रहेको ब्याकहो लोडर दैनिक कार्य गर्दै आएकोमा निज हाल सम्म परिक्षण अवधिमा राखीएकोमा निजको सेवा हाल सम्म सन्तोषजनक रहेकौ हुदा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ११ को दफा ८१ ले दिएको अधिकार प्रयोग गरि निजले कार्य गर्न सुरुगरेको मिति देखि लागु हुने गरि मिति २०७६ आषाड मसान्त सम्मको लागी मासिक पारिश्रमिक रु १८,२५०।- पाउने गरी करार संझौता गर्ने निर्णय गरियो । साथै कार्यालयलाई आवश्यक पर्ने एक कार्यालय सहयोगी आवश्यक भएको हुदा खादवारी नगरपालिका वडा नं १० वस्ने रामवहादुर भुजेलको छोरा निलवहादुर भुजेललाई मासिक रु १५००० / पन्ध्र हजार मात्र भुक्तानी गर्ने गरि सेवा करार गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

यस नगरपालिकाको ११ वटै वडा कार्यालयहरुमा कार्यरत सामाजिक परिचालकहरु (वडा कार्यालय सहायक) को कार्यपालिकाको मिति २०७५ / १० / ०७ को कार्यपालिकाको वैठक वाट निजहरुले खाईपाई आएको मासिक रु १२ हजार वाट थप रु ४ हजार प्रोत्साहान भत्ताको रुपमा उपलब्ध गराउने निर्णय भएकोमा अव उप्रान्त निजहरुले खाइपाई आएको उक्त रु ४ हजारलाई मासिक तलव स्केलमा परिणत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

खादवारी नगरपालिका वडा नं ८ स्थित सभा खोला र अरुण नदीमा रहेका ढंगा गिटि वालुवा राडा एवं ग्रावेल निकाल्ने कार्यको लागी तत्काल कार्यालयले खरिद प्रकृया वाट ठेक्का लगाउन भन्दा अगाडी कार्यालयको देहायका कर्मचारीहरु खटाई सो कार्यको कर संकलन, निकाशी पुर्जी एवं अन्य ब्यवस्थापनका लागी मिति २०७५ असोज १ गते देखि २०७५ माघ १७ गते सम्म कार्य गरि विहान वेलुका समेत कार्य गरेको हुदा निजहरुलाई कर्मचारीहरुको कार्य सम्पादन प्रोत्साहान कार्यविधि २०७५ अनुसार मासिक तलब स्केलको वढीमा ३५ प्रतिशत भन्दा नवढाई भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**देहाय**

१. श्री वासुदेव श्रेष्ठ (मिस्त्री)

२. श्री भिमवहादुर घिमिरे (मिस्त्री)

३. श्री नारायण कटुवाल (सामाजिक परिचालक)

४. श्री टिकाराम वि.क. ( चौकीदार)

**निर्णय नं ४**

१, खादवारी नगरपालिकाको निकट भविश्यमा नगर प्रोफायल तयार गर्न आवश्यक पर्ने घरधुरी सर्वेक्षण कार्यको लागी GPS वाट तथ्यांक संकलन गर्ने कार्यको लागी वडा कार्यालयहरुमा कार्यरत सामाजिक परिचालकहरुलाई मासिक तलवको वढीमा ३५ प्रतिशत रकम Incentive उपलब्ध गराउने ।

२, कार्यपालिकाको नियमित वैठक प्रत्येक महिनाको २ गते वस्ने ।

३, वार्षीक कार्यक्रम अनुसार निर्वाचि जनप्रतिनिधि तथा कर्मचारीहरुलाई विभिन्न जिल्लाका स्थानिय सरकारहरुको गतिविधि विकास निर्माण प्रकृया लगायतका विषयमा अनुभव समेत दिलाउने उदेश्यले उप प्रमुखज्यूको नेतृत्वमा २०७५ चैत्र ११ देखि १८ सम्मको अवलोकन भ्रमण स्विकृत गर्ने ।

४, नगरपालिकाको विभिन्न वडाहरुमा आगोलागी वाट क्षति भएका देहायका अग्नि पिडितहरुलाई सम्वन्धित वडा कार्यालयवाट सिफारिसका आधारमा रकम उपलब्ध गराउने । र यस्ता प्रकृतिका दैवी प्रकोप लगायतका विषयमा सहयोग गर्न विपद व्यवस्थापन तथा राहतको कार्यविधि तयार गरि व्यवस्थीत गर्ने ।

निम्न

| क्र.स. | अग्निपिडितको नाम | ठेगाना | विनियोजित रकम रु |
|---|---|---|---|
| १ | जिरे राई | खा.न.पा.८ | २००००। |
| २ | दलवहादुर गुरुङ्ग | खा.न.पा. ११ | १००००। |
| ४ | लिलावहादुर गुरुङ्ग | खा.न.पा. १० | १००००। |

५. शसर्त अनुदान वाट प्राप्त २ वटा ' वाहय खोप केन्द्र ' स्थापना गर्ने कार्यक्रमको लागि खानपा ८ को रातमाटे र वाड नं. ११ को हेलुवा वेसीमा जग्गा प्राप्त भएपछि रु ३ लाखको दरले वजेट उपलब्ध गराउने ।

६, वैकल्पीक उर्जाकेन्द्र वाट प्राप्त भएको रु मध्येवाट खादवारी वजारमा जडीत ४० वटा सोलार वत्तिको मर्मत गर्ने र वाकी रकम वाट तुम्लींटार वजारमा सडक वत्ति संचालन गर्ने ।

७, खा.न.पा वडा नं ५ र ६ जोड्ने डुम्रे पुंललाई मर्मत संभार गर्न रु ५०,०००। र पांठाखोला अग्राखे पुछारमा अवस्थित काठे पुललाई रु ४०,०००। विनियोजन गर्ने र सो रकम मर्मत संभार कोष वाट खर्च गर्ने ।

८, चालु आ.व.को आन्तरिक लेखा परिक्षणको लागी कोलेनिका संखुवा सभालाई अनुरोध गर्ने ।

९, खा.न.पा. ७ को वडा सदस्य सीता विश्वकर्मा (सार्की) को स्वास्थ्य समस्यालाई अन्य अस्पतालमा गई उपाचार गर्नुपर्ने भएकोले आर्थीक सहयोग उपलब्ध गराउन प्राप्त निवेदनमा छलफल हुदा वार्षिक नगरविकास

कार्यक्रममा विनियोजित नगरप्रमुख स्वास्थ्य उद्धार एवं सहयोग कोषवाट रु २५,०००। सहयोग उपलब्ध गराउने र यस भन्दा पछि सोको कार्यविधि तयार गरेर मात्र सेवा प्रदान गर्ने ।

**निर्णय नं ५**

खादवारी नगरपालिकाको विभिन्न वडाहरुव वाट प्राप्त योजना तथा कार्यक्रमहरु संसोधन गरि यसै आ.व. २०७५/०७६ मा कार्यान्यन गर्ने गरि देहाय अनुसारका प्रस्तावहरु प्राप्त भएकोले देहाय वमोजिमको योजना तथा कार्यक्रम संसोधन गरि कार्यान्वियन गर्ने निर्णय गरियो ।

| सािवकको कार्यक्रम | संसोधन हुनुपर्ने कार्यक्रम |
|---|---|
| खन्युवोटे जामुने जाने मोटरवाटो स्तर उन्नती | खन्युवोटे जामुने जाने मोटरवाटो स्तर उन्नती तथा ट्र्याक ओपन |
| माल्टा दोभान, गुरुङ्ग गाउ, भोटतला, गोगने सडक ट्र्याक ओपन तथा स्तर उन्नती | गुरुङ्ग गाउ,भिरकुना छ्याङकुटी सडक ट्र्याक ओपन तथा स्तर उन्नती |